# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः १७ मितिः २०७६।०३।३१

भाग–१


शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# शिवराज नगरपालिकाको शिक्षा ऐन, २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरसभाले यो शिक्षा ऐन, २०७६ जारी गरेको छ ।

# शिवराज नगरपालिकाको शिक्षा ऐन, २०७६

*नगर सभाबाट स्वीकृत मिति : २०७६।०३।१८*

देश र समाजको सर्वपक्षीय विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढिकरणका लागि नागरिकहरुमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सिर्जनशिल र प्रतिस्पर्धी क्षमता भएका योग्य नागरिक तयार गर्नको लागि यस शिवराज नगरपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनु भन्दा अघि स्थापना भई संचालन भइरहेका विद्यालयहरुलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ५७ उपधारा (४) अनुसूची ८ को सूची नं. ८" तथा स्थानीय तह सञ्चालन ऐन, २०७४, परिच्छेद ३, को दफा, १०२ बमोजिम ५ न  प्रदेश अन्तरगतको यस नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "शिवराज नगरपालिकाको शिक्षा ऐन, २०७६" रहेको छ।

२. यो ऐन कपिलवस्तु जिल्ला शिवराज नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

३. यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

ख) "आधारभूत पहिलो तह" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ग) "आधारभूत दोस्रो तह" भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

घ) "माध्यिमक तह" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ङ) "विद्यालय शिक्षा" भन्नाले  शिशु कक्षा देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ।

च) "नगरपालिका" भन्नाले कपिलवस्तु जिल्लाको शिवराज नगरकार्यपालिका सम्झनु पर्छ।

छ) "नगरसभा" भन्नाले कपिलवस्तु जिल्लाको शिवराज नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ ।

झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र शिवराज नगरपालिकावाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ । सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

ड) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ ।

ढ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनु पर्दछ ।

ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधी, नीति, निर्देशनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ढ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई संघीय सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

ध) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष माथि र पाँच बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

न) "शिक्षा समिति" भन्नाले शिवराज नगरपालिकाको यस ऐन वमोजिम गठन भएको नगर शिक्षा समितिलाइ सम्झनु पर्छ ।

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

**३. माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक शिक्षा देहायका बमोजिमको हुने छ :

क) साधारण माध्यमिक शिक्षा .

ख) संस्कृत माध्यमिक शिक्षा .

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा .

**४. विद्यालयको अनुमति, स्वीकृती, बर्गिकरण र समायोजन तोकिए बमोजिम हुनेछ ।**

**५. शिक्षाको माध्यमः**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

क) आधारभूत तहको शिक्षा मातृ भाषामा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले नगरपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ .।

**७. विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था**

१) विद्यालय तोकिए बमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ । अनुमित प्रदान गर्दा कम्पनी ऐन अन्तर्गत विद्यालय संचालन गर्न अनुमति प्रदान गर्न पाइने छैन । यो ऐन आउनु भन्दा पहिले देखि नै कम्पनी ऐन अन्तर्गत अनुमति वा स्वीकृति प्राप्त गरी संचालन भएका विद्यालय संचालनमा कुनै वाधा पर्ने छैन ।

२) नगरपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ ।

**८. प्रारम्भिक बाल शिक्षाको कक्षा सञ्चालन तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन**

१) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

२) नगरपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

**९. नगर शिक्षा समिति**

१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको शिक्षा समिति रहनेछ

क) नगरपालिकाका प्रमुख - अध्यक्ष

ख) नगरपालिकाका उप प्रमुख - सदस्य

ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगरपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

छ) आधारभूत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट प्रमुखले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

ज) नगरपालिका भित्रका नेपाल शिक्षक महासंघका नगर अध्यक्ष वा प्रतिनिधि एक जना - सदस्य

झ) नगरपालिका भित्रका संस्थागत विद्यालयका संगठनहरु मध्येबाट नगर प्रमुखवाट मनोनित एक जना - सदस्य

ञ) नगरपालिका भित्रका मदर्सा वा अन्य धार्मिक विद्यालयका शिक्षक वा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी मध्ये शिक्षा समितिले मनोनित गरेका एक जना - सदस्य

ट) नगरपालिका भित्रका दलित वा अल्पसंख्यक मध्ये नगर प्रमुखवाट मनोनित एक जना - सदस्य

ठ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

३) नगर शिक्षा समितिको बैठकमा प्रदेश सभा तथा संघीय संसदका सदस्यलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

४) नगर शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

५) उपदफा (१) अनुसार मनोनित सदस्य र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा नगर कार्यपालिकाले निजहरुलाई जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

**६) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

घ) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ङ) विद्यालयहरुको लेखा परीक्षकको पारीश्रमिक तोक्ने,

च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारीदरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ,

ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ,

झ) अभिभावक,कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

ञ) शिक्षाको गुणस्तर कायम राख्ने, सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्नेछ, तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्ष सम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने,

ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने

ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने,

थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

द) नक्सांकन, जोनिङ सहित विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने,वा कक्षा घटाउने  नीति तर्जुमा गरी नगरपालिकामा पेस गर्ने,

ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्ने,

न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा  परामर्श दिने,

य) विद्यालयहरुलाई सक्षमतामा अधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने,

ल) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फि  बिकासका लागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने,

व) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

**१०. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार**

क) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने, गराउने ।

ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

घ) नगरकार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा  परामर्श दिने,

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफरिस गर्ने,

च) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा वाह्य परीक्षा संचालन गर्ने गराउने ।

छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने  ।

ज) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्य पुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ।

झ) लेखा परिक्षकहरुको सूचि मध्ये एक जनालाई लेखा परिक्षकमा नियुक्ति गर्ने ।

ञ) विद्यालयमा शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।

ट) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने ।

ठ) शिक्षकको तलबी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने ।

ड) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने ।

ढ) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

ण) नगर शिक्षा शाखा प्रमुख र शिक्षा शाखाका कर्मचारीको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ,

**११. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

**१) वडा भित्रका विद्यालयको संचालन, व्यवस्थापन, अनुगमन र नियमन गर्न वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः**

क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना महिला सहित २ जना- सदस्य

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

घ) माध्यमिक तह रआधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर प्रमुखले तोकेको उपलब्ध भए सम्म एकजना महिला पर्ने गरी दुई जना - सदस्य

ङ) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

**२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ**

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

ख) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,

घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

ङ) सम्बन्धित वडा भित्रका अभिभावक कर्मचारी र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

छ) जोनिङ तथा नक्सांकनको आधारमा विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ,

झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ,

ञ) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ,

ट) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

**१२. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ

क) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला, एक जना दलित सहित चार जना - सदस्य

ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिका सदस्य मध्ये १ एकजना सदस्य-सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी वा चन्दादाता मध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना - सदस्य

घ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधी एक जना - सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

२) समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एक जनालाई आमन्त्रित गर्नु पर्ने छ ।

३) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बनाउँदा माथिउल्लेखित ख, घ, ङ बाहेकका सदस्यहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले आफू मध्येवाट छनौट गर्नु पर्नेछ ।

**स्पष्टीकरणः**

क) अभिभावक भन्नाले बिद्यालयमा अध्ययन गर्ने बालबिकास देखि कक्षा १२ सम्मका बिद्यार्थीका बाबु आमा सगोलको दाजु, दिदी भाउजुलाई जनाउँछ । तर ब्यवस्थापन समिति गठन प्रयोजनको लागि एकाघरको बाबु आमा, बाजे बज्यैलाइ मात्र जनाउँछ ।

ख) उपदफा १ अनुसार बाबुआमा नभएमा सगोलको घरमुली वा लालन पालन र पठनपाठन को ब्याबस्था मिलाउने एकाघरको जोकोही १ जना ब्यक्तिलाई मात्र जनाउँछ । तर अनाथ ठुहुरा,मावल, वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठनपाठन को ब्याबस्था मिलाउने ब्यक्तिलाई जनाउँछ ।

४) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । वि. व्य.स. अध्यक्ष हुन सम्बन्धित तह उत्तीर्ण गरी २५वर्ष उमेर पुरा भएको हुनुपर्नेछ । तर त्यस्तो योग्यता प्राप्त ब्यक्ति नभएमा वा बस्न नमानेमा एकतह कम योग्यताको समेत राख्न सकिने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर

शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउन' अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ**

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक तोक्ने र सो को कार्यान्वयन गर्ने .

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

झ) नगर शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

ञ) लेखा परीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने, गराउने

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न  पहल गर्ने

ड) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने

त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने

थ) नेपाल सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाइ तोकिएको तलव भत्ता प्रदान गर्ने .

द) वि.व्य.स. पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ ।

ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने .

**१४.शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार**

१. सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा सामाजिक परिक्षण गरी व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ

क) विद्यालयका अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति -अध्यक्ष

ख) अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरुबाट वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीबी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका एक जना महिला सहित तीन जना- सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना- सदस्य

च) प्रधानाध्यापक - पदेन सदस्य

छ) कार्यरत शिक्षकहरु मध्येबाट एकजना - सदस्य सचिव

समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एक जनालाई आमन्त्रित गर्नु पर्ने छ ।

२. शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने ।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने ।

(घ) विद्यालय भर्ना अभियान संचालन गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

### १३ शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्ने

१) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोकिए बमोजिम हुनेछ ।

२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३) उपदफा १ र २ बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी गर्नु पर्नेछ ।

### १४. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता

शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

### १५. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने

अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन ।

### १६ शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

१. देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन वडा शिक्षा समिति मार्फत नगरशिक्षा समितिमा सिफारिस गर्नेछः

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि संघ संस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तर भन्दा कम भएमा ।

२. उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ ।

**१७ अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने**

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक र कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सेवामा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**१८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**१९. स्थायी आवासीय अनुमति लिन नहुने**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, बृत्तीविकास

**२०. विद्यायलमा रिक्तदरबन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको लागि देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुनेछ ।**

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेका सो समितिका सदस्य - संयोजक

ख) नगर शिक्षा अधिकृत वा निजले तोकेका अधिकृत - सदस्य

ग) नगर प्रमुखले तोकेको एक जना प्रतिनिधी - सदस्य

घ) वडा शिक्षा समितले छानी पठाएको एक जना - सदस्य

ङ) तोकिएको योग्यता पुगेका विषय विज्ञ मध्ये नगरपालिकावाट मनोनित प्राप्त भए सम्म एक जना महिला पर्ने गरी २ जना - सदस्य

च) विद्यालयका प्रधानाध्यापक- सदस्य सचिव

**२१ विषय विज्ञ छनोट र प्रश्नपत्र तथा परीक्षा संचालन विधि**

रिक्त पदमा शिक्षक तथा कर्मचारीको अस्थायी तथा करारमा छनोट गर्दा आवश्यक पर्ने विषय विज्ञ छनोट र प्रश्नपत्र तथा परीक्षा संचालन विधि तोकिए वमोजिम हुनेछ ।

**२२. विद्यालयका शिक्षकहरुसंग तोकिए बमोजिमको कार्य सम्पादन करार गराई शैक्षिक गुणस्तर र उपलब्धि हासिल गराइने छ ।**

**२३. प्रधानाध्यापक सम्वन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछन ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) माध्यमिक तहमा स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनुपर्ने छ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिले निर्णय गरी नगर शिक्षा समितिमा पेश गरिनेछ ।

(ख) आधारभूत तहमा स्थायी, तथा स्नातक योग्यता प्राप्त शिक्षक हुनु पर्नेछ । स्थायी शिक्षक भएको अवस्थामा योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले गर्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पुर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ । प्रत्येक वर्ष सम्पादन गर्ने कार्यको अनुगमन सूचक समेत कार्य योजनामा रहनु पर्ने छ । विद्यालयका अन्य पक्षका अतिरिक्त विद्यार्थीहरुको सिकाई उपलव्घी अभिवृद्धि लक्ष्य सहितको कार्ययोजना हुनुपर्ने छ ।

(घ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा तोकिएका अधारमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ । सिकाई उपलव्धी लक्ष्य हासिलका आधारलाई कार्य सम्पादन मूल्यांकनमा वढी भार प्रदान गरिने छ । कार्य सम्पादन कार्य योजनाको न्यूनतम ७० प्रतिशत कार्य सम्पादन गर्न नसकेको अवस्थामा नगर शिक्षा समितिले प्रधानाध्यापकलाई कार्यवाहीका लागि प्रक्रिया अगाडि वढाउन सक्ने छ ।

**२४.शिक्षकको सरुवा**

(१) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगरपालिकाले र अन्य नगर वा गाँउ शिक्षा पालिकामा सरुवाको लागि सहमति दिनसक्ने छ ।

(३) नगर शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक वीच सरुवा गर्न सक्नेछ तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको एक बर्ष सम्म गरिने छैन ।

(४) सामन्यतया शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

**२५ दरवन्दी मिलान**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गरिने  छ ।

(२) एकै विद्यालयमा पाँच बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई नगर शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति बेगर पनि नगर क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

**२६. शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धी व्यवस्था**

हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुन बमोजिम बन्ने शिक्षक सेवा आयोगबाट तोके बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय सरकारले तोके बमोजिम हुनेछ ।

**२७ तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था**

शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**२८ शिक्षकलाई अन्य काममा लगाउन नहुने**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

### २९. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

### ३०. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको, सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्नेछ । तर विद्यालयको जग्गा जमिन बेच विखन गर्न पाइने छैन ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा स्थानीय सरकारको अनुमति वेगर वेच्न पाइने छैन ।

### ३१. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्नसक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिकाको हुनेछ ।

**३२. पाठ्यक्रम र पाठ्यपुस्तक**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछन् ।

(२) आफ्नो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्य पुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र  माग गर्नुपर्ने छ ।

(३) शैक्षिक सत्र शुरु हुनु अगावै नगर शिक्षा समितिले सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) राष्ट्रिय पाठ्यक्रमको प्रारुपमा तोकिए वमोजिम नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(५) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध गर्न सकिने छ ।

**३३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**३४. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन**

(१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई नगरपालिकाको क्षेत्रभर मर्यादित र व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपशिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उप प्रमुख  -  सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामुदायिक विद्यालयका आधारभूत तह (६-८) मध्येबाट एक जना प्रधानाध्यापक तथा शिक्षक मध्येबाट महिला सहित समितिवाट मनोनित दुई जना - सदस्य

ङ) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापक मध्येबाट समितिवाट मनोनित १ जना - सदस्य

च) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ र शिक्षा शाखाका शाखा अधिकृत वा वि.नि.वा स्रोत व्यक्तिहरुलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मनोनित सदस्यहरुले पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

(४) समितिको बैठक भत्ता नगर कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) मनोनित सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ ।

(६) परीक्षा संचालनका अन्य विषय तोकिए वमोजिम हुनेछन् ।

## परिच्छेद ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३५. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने छ । कम्पनी ऐन अन्तर्गत संस्थागत विद्यालय सञ्चालन अनुमति प्रदान गरिने छैन तर यस भन्दा अगाडि कम्पनी ऐन अन्तर्गत दर्ता भई सञ्चालन भईरहेका विद्यालयहरु संचालनमा कुनै बाधा पर्ने छैन ।**

**३६. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संचालक वा संस्थापक मध्येबाट सम्बन्धित विद्यालयले सिफारिस गरेका तीन जना मध्ये नगर शिक्षा प्रमुखवाट मनोनित एक जना - अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) विद्यालय निरीक्षक वा शिक्षा शाखाको शाखा अधिकृत - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफु मध्येबाट छानी पठाएको एक जना - सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन

**३७ संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्र सँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(ञ) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम गर्ने,

(ट) लेखा परीक्षण गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र नगर शिक्षा समितिमा पेस गर्ने,

(ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचार संहिता बनाई लागु गर्ने ।

(ड) भर्ना शुल्क र अन्य शुल्क सम्बन्धी तोकिएको मापदण्डका आधारमा प्रस्ताव गरी स्वीकृतिका लागि नगरपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने ।

**३८.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति छनौटका आधार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा तोकिए वमोजिमको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थीहरूको नाम नामेसी सहितको विवरण विद्यालयमा सार्वजनिक गरी नगर शिक्षा शाखामा पठाउनु पर्ने छ । नगरपालिकाले पनि उक्त विवरण सार्वजनिक गर्नु पर्ने छ ।

**३९.अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४० अनुमति वा स्वीकृति रद्द गर्ने**

कुनै संस्थागत विद्यालयले यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद-८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

**४१. विद्यालय विकास कोष**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**४२. अनुदानको व्यवस्था**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

**४३. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयमा प्रधानाध्यापक र लेखाको काम गर्ने कर्मचारी, आधारभूत दोस्रो तह संचालन भएका विद्यालयमा प्रधानाध्यापक र लेखा शिक्षकक र आधारभूत पहिलो तह संचालन भएका विद्यालयमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट विद्यालय कोषको सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

**४४. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको दोस्रो चौमासिक भित्र नगरपालिकाले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको मितले १५ दिन भित्र नगर शिक्षा शाखा मार्फत नगरपालिकामा पेस गर्नुपर्ने छ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनुपर्ने छ ।

**४५ छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ ।

**४६. शुल्क तथा सहयोगबाट प्राप्त रकम**

(१) निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदयिक विद्यालयले कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सक्नेछ ।

३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्ने छ ।

(४) उपदफा (१) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ । शुल्क संवन्धी माप दण्ड तोकिए वमोजिम हुनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्नसक्ने छ ।

**४७. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सामुदायिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९
## प्राविधिक तथा व्यवसायिक शिक्षा

४८. नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालय सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, गरी विद्यालयलाई थप सुविधा प्रदान, आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । नगरपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा तोकिएको मापदण्ड वमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्नेछ । सामुदायिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन अनुदान सहयोग उपलव्ध सक्ने छ ।

(१) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## विविध

**४९ स्रोत व्यक्ति सम्बन्धी व्यवस्था**

नगर क्षेत्रभित्रका विद्यालयको अनुगमन, निरीक्षण र प्राविधक सहयोग गर्न नगरपालिकाले स्रोत व्यक्ति नियुक्त गर्न सक्ने छ । स्रोत व्यक्ति शिक्षा समिति अन्तरगत रहनेछन् र निजको काम कर्तव्य र अधिकार तोकिय बमोजिम हुनेछ । शिक्षा शाखा प्रमुखले स्रोत व्यक्तिलाइ कार्यसम्पादन करार गराउनु पर्नेछ । स्रोत व्यक्ति नियुक्ती संवन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**५० विद्यालयको विनियम**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागु गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकता अनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले नगरपालिकामा पेस गर्नुपर्ने छ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ ।

**५१. नगरपालिकाले निर्देशन दिन सक्ने**

(१) नगरपालिकाले तोकिएको क्षेत्र सँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५२. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५३ बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न पाइने छैन ।**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५४. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५५. नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तर मापन गर्न सक्नेछ ।**

**५६ प्रगति विवरण बुझाउनु पर्ने**

विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा समितिमा बुझाउनु पर्नेछ ।

**५७ शिक्षा विकास कोष**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न, शैक्षिक संस्थाहरूको शैक्षिक तथा भैतिक

वातावरणमा सुधार गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न नगर शिक्षा विकास कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछ :

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालनका लगि देहाय वमोजिम पदाधिकारी रहेको समित रहने छ ।

| | | |
|---|---|---|
| १. नगरपालिका प्रमुख | - | अध्यक्ष |
| २ प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ३) शिक्षा समितिले तोकेका स्थानीय शिक्षाविद | - | सदस्य |
| ४) शिक्षा शाखाका प्रमुख | - | सदस्य सचिव |

कोषको सञ्चालन कार्यविधी तोकिए बमोजिम हुनेछ ।

**५८. दण्ड सजाय**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्ने छ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ । निलम्बनमा रहेको अवधीमा त्यस्ता कर्मचारीले प्राप्त गर्ने सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**५९. पुनरावेदन तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।**

**६०. नियम बनाउने अधिकार**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियमावली, कार्यविधी, तथा निर्देशिका बनाउन सक्नेछ ।

**६१. संक्रमणकालीन व्यवस्था**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगरकार्यपालिकाले गर्नसक्ने छ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगरकार्यपालिकाले दिन सक्नेछ ।

**६२ बाधा अडकाउ फुकाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा–अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगर सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

**६३. विनियम कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिनेः**

**शैक्षिक सुधारका निम्ति देहाय बमोजिमका बिषयमा विनियम कार्यविधि निर्देशिका बनाई लागु गर्न सकिनेछ :**

(१) असल शिक्षक प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(५) नमुना विद्यालय छनोट र विकास,

(६) गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

(७) शिक्षक दरबन्दी मिलान एवम् व्यवस्थापन ,

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(१०) भौचर प्रणालीमा आधारित शिक्षा,

(११) नगरशिक्षा परिषद् गठन,

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(१३) अनिवार्य शिक्षा कार्यान्वयन,

(१४) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन ,

(१५) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(१६) अन्तर विद्यालय सहयोग कार्यक्रम,

(१७) विशेष शिक्षा नमुना कार्यक्रम ,

**६४. बचाउ र लागू नहुने**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछन् ।

**आज्ञाले,**
**शेषकान्त पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**